जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- ३०, २०८२ फागुन १४ गते विहीबार, 26 Feb 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

मकवानपुरको दुबै निर्वाचन क्षेत्रमा सुरक्षाकर्मी पुगे



४०५८ जना परिचालन

○सहीखबर संवाददाता

मकवानपुर । आजको एक साताकै दिन अर्थात् आगामी विहिबार २१ फागुनमा प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ हुदैछ ।

निर्वाचनको लागि मकवानपुर जिल्लामा कुल ४ हजार ५८ जना सुरक्षकर्मी खटिएका छन् ।

विषय परिस्थितीमा हुन लागेको निर्वाचन भएकोले केन्द्रीय स्तरबाटै सुरक्षा संवेदनशीलतालाई मध्ये नजर गरिएको छ । जिल्ला सुरक्षा समितिका अनुसार निर्वाचनको लागि नेपाली सेनाका करिब ६ सय जना जनशक्ति फिल्डमा खटिएका छन् । यसैगरी नेपाल प्रहरी १ हजार ९३ जना, निर्वाचन प्रहरी १ हजार ३३ जना, शशस्त्र प्रहरी ३ सय ६४ जना, शशस्त्र तर्फबाट निर्वाचन प्रहरी १ सय ७८ जना खएिका छन् । यसैगरीका दर्जनबढी जनशक्ति पनि फिल्डमा रहेका छन् ।

जिल्लाको दुबै निर्वाचन क्षेत्रमा आवश्यक सुरक्षा बेशक्यम्प खडा गरि सुरक्षाकर्मीहरूले अघिल्लो साताबाट नै नियमित ड्युटी तथा गस्ति गरिरहेको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

निर्वाचनलाई लक्षित गर्दै चार वटै सुरक्षा निकायको संयुक्त टोली परिचालन गरिएको हो । जिल्लाका दुबै निर्वाचन क्षेत्रका मतदान स्थल वरपर तथा दश वटै स्थानीय तहमा सुरक्षा निकायको उपस्थिति सुनिश्चित गरिएको छ ।

निर्वाचन सुरक्षालाई ध्यानमा राख्दै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल र निर्वाचन प्रहरी टोली जिल्लाका सबै निकायमा खटिएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए । यससँगै मतदान केन्द्र आसपास सुरक्षा निगरानी बढाइएको छ भने सबै स्थानीयतहहरूमा सुरक्षाकर्मी पुगिसकेका छन् ।

निर्वाचन स्वतन्त्र, निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन प्रहरीलाई समेत जिम्मेवारी क्षेत्रमा खटाइएको छ । चारै निकाय संयुक्त रुपमा परिचालन भएका छन् । मतदान केन्द्रको सुरक्षा अवस्था, पूर्वतयारी, गस्ती, पेट्रोलिङ तथा पिकेट जाँच कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी उपरिक्षक श्यामबहादुर खत्रीले बताए ।

संवेदनशील रहेका प्रत्येक मतदान स्थलमा निर्वाचन अधिकृत सहितको टोलिले अनुगमन गरि सुरक्षाकर्मी राखिएको खत्रीले बताए ।

निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारको सुरक्षा, राजनीतिक गतिविधि तथा मतदान केन्द्रको पूर्वाधार सुरक्षामा विशेष ध्यान दिइएको छ। आवश्यक सवारी साधन, हतियार तथा बन्दोबस्ती सहित सुरक्षा तयारी पूरा गरिएको जनाइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

यसैबीच वडा तहसम्म समन्वय गर्न एकीकृत संयन्त्र गठन गरिएको छ । राजनीतिक दल, नागरिक समाज, सञ्चार क्षेत्र, निजी क्षेत्र तथा स्थानीय अगुवालाई समेटदै देशभरका वडा तहसम्म सहकार्य संरचना बनाइएको छ ।

जिल्ला सुरक्षा समितिले सो संयन्त्रसँग समन्वय गर्दै निर्वाचनप्रति जिम्मेवारी र अपनत्व बढाउने काम गर्नेछ ।

जिल्ला सुरक्षा समितिमार्फत शान्तिसुरक्षा कायम गर्ने, जनशक्ति परिचालन गर्ने, निर्वाचनसम्बन्धी कानुन कार्यान्वयन गर्ने तथा आचारसंहिताको पालना गराउने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

यातायतको असुविधा

मकवानपुरका ८ वटा मतदान केन्द्रका लागि मतपेटिका भने अन्य जिल्लाको बाटो हुदै ल्याउनुपर्ने छ । यातायत असुविधाको कारण जिल्लाको पूर्वी क्षेत्र बकैया गाउँपालिकाको घियाँलस्थित ३ वटा मतदान केन्द्रका मतपेटिका रौतहट र बाराजिल्ला हुँदै ल्याउनुपर्ने छ । त्यसैगरी राक्सिराङ गाउँपालिकाको काँकडा क्षेत्रका ५ वटा मतदान केन्द्रका मतपेटिका चितवन जिल्लाको भण्डाराहुँदै ल्याउनुपर्ने छ । यस सम्बन्धमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरुसँग समन्वय भइरहेको प्रमुख जिल्ला अधिकारी अधिकारीले बताए ।

जिल्ला प्रशासन कार्यालयका अनुसार पूर्ण सुरक्षा व्यवस्थासहित मकवानपुरमा निर्वाचन सम्पन्न गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनलाई शान्तिपूर्ण र व्यवस्थित बनाउन आवश्यक सम्पूर्ण प्रशासनिक तथा सुरक्षा संयन्त्र परिचालन गरिने जनाइएको छ ।

हेटौंडा उपमहानगरपालिका वडा १ को सूचना

सवारी दुर्घटनाबाट बचौं र बचाऔं, ट्राफिक नियमको पालना गरौं

१. हतार गरेर सवारी साधन नचलाउ र हतारमा सडक पार समेत नगरौं ।
२. सवारी साधन चलाउदा मोबाईल फोनको प्रयोग नगरौं । ३. जथाभावि र गलत दिशाबाट ओर्भटेक नगरौं र बाटो नकाटौं ।
४. बाटोको अवस्था अनुसार गति निर्धारण गरौ । ५. सवारी साधन सुरक्षित चलाउ किनकी घरमा परिवार कुरेर बसिरहेका छन् ।
६. ओभर स्पिड र ओभरटेकमा ध्यान दिऔं । ७. मादक पदार्थ सेवान तथा लागु पदार्थ सेवन गरेर सवारी नचलाऔं ।

१ नम्बर वडा कार्यालय,

हेटौंडा उपमहानगरपालिका

इन्साइड ---- स्टोरी

आमनिर्वाचनपछिको आर्थिक मार्गचित्र

विचार



मधुजंग पाण्डे पेज २ मा

म घमण्ड गरेर भोट माग्दिनँ

वार्ता



लबशेर विष्ट नेकपाको उम्मेदवार

पेज ३ मा

किसानको पीडा ज्यूँकात्यूँ नेताका भाषण सधै आश्वासन

फिल्ड जाँदै कर्मचारी

पेज ४ मा

विपद् व्यवस्थापन समितिका पाँच निर्णय निर्वाचन लक्षित स्वास्थ्य तयारी



पेज ६ मा

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङः *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

मतदाता शिक्षा

निर्वाचन लोकतन्त्रको बलियो आधार हो । जनआधारलाई सम्बोधन गर्ने कडिको रूपमा लिइने निर्वाचनलाई अझै सशक्तता बनाउने आधार मतदाता शिक्षा हो । निर्वाचन प्रक्रियाको सबैभन्दा महत्वपूर्ण पाटो हो मतदान प्रक्रिया । सचेत र जिम्मेवारीपूर्ण मतदाताको सक्रिय सहभागिताले लोकतन्त्रलाई बलियो बनाउँछ । मतदान गरेर मात्रै हुदैन, सही तरिकाले मतदान गर्नु र बदर हुन नदिनु तर्फ सचेत हुनुपर्छ ।

मतदाता शिक्षाले नागरिकलाई मतदानको अधिकार, प्रक्रिया, महत्व र प्रभावबारे स्पष्ट जानकारी दिन्छ, जसले लोकतन्त्रलाई बलियो बनाउँछ। मतदान किन गर्ने, कसलाई मत दिने र मतको दीर्घकालीन असर के हुन्छ भन्ने विषयमा पर्याप्त बुझाइ बिना नै लहरको पछिलाग्ने परिपाटी अझै हावी छ । जानकारीको अभावमा धेरै मतदाता भ्रम, हल्ला, लोभलालच वा दबाबमा परेर मत दिन बाध्य हुन्छन्। यस्तो अवस्थाले योग्य नेतृत्व चयनमा अवरोध पुर्‍याउँछ र लोकतन्त्र कमजोर बनाउँछ। मतदाता शिक्षाले यस्ता विकृति हटाउन सहयोग पुर्‍याउँछ। मतदाता शिक्षाले मतदातालाई उम्मेदवारको नीति, विचार, आचरण र विगतको कार्यसम्पादन मूल्याङ्कन गर्न सिकाउँछ। यसले जात, क्षेत्र, पार्टीगत अन्धभक्तिभन्दा माथि उठेर विवेकशील निर्णय गर्न प्रेरित गर्छ। विशेषगरी नयाँ मतदाता र युवा वर्गलाई सही दिशामा मार्गदर्शन गर्न मतदाता शिक्षाको भूमिका अत्यन्त महत्वपूर्ण छ। मतदाता शिक्षा केवल निर्वाचनको बेला मात्र सीमित हुनु हुँदैन। विद्यालय, समुदाय, सञ्चार माध्यम र नागरिक संस्थामार्फत निरन्तर रुपमा सञ्चालन गरिनुपर्छ। सचेत मतदाता नै स्वस्थ लोकतन्त्रको मेरूदण्ड हुन्। त्यसैले मतदाता शिक्षामा लगानी गर्नु भनेको लोकतन्त्रको भविष्य सुरक्षित गर्नु हो।

मकवानपुर जिल्लामा कुल मतदानको ४ प्रतिशत मत बदर हुने गरेको विगतको तथ्याङ्क छ । यस्तो बदर मत घटाउन आफूले रोजेको चिन्हमा मतदान गर्ने, मसि नलतपतिने गरी , स्वास्तिक छाप राम्रोसँग सुकेपछि मात्रै मतपत्र पद्याउने, एउटा चिन्हमा मात्रै मत संकेत गर्ने जस्ता सवालमा जानकारी आदनप्रदान गरौं । गोप्यमतदानलाई खेर जान नदिन व्यक्ति, व्यक्तिले पनि आपसमा शिक्षा साझा गरौं ।

आमनिर्वाचनपछिको आर्थिक मार्गचित्र

नेपालजस्तो सानो खुला अर्थतन्त्र बाह्य झट्काबाट अछुतो रहन सक्दैन । भारत र चीनजस्ता छिमेकी देशको आर्थिक गतिमा आएको उतारचढावले नेपालमा प्रत्यक्ष असर पार्छ ।

मधुजंग पाण्डे

नेपाल आमनिर्वाचन सँघारमा उभिरहेको अवस्थामा राजनीतिकसँगै आर्थिक बहससमेत तातिएको छ । मतदाताले रोज्ने सरकारको प्राथमिकता, बजेटको ढाँचा र सुधारको गति नै आगामी पाँच वर्षको आर्थिक दिशानिर्देश हुने देखिन्छ । संविधानले परिकल्पना गरेको समाजवादोन्मुख अर्थतन्त्र व्यवहारमा उतार्ने जिम्मेवारी पनि यही निर्वाचनपछिको सरकारको काँधमा पर्नेछ । त्यसैले वर्तमान आर्थिक यथार्थ, विश्व परिवेशमा नेपालको स्थान र निर्वाचनपछिको सम्भावित अर्थनीति'बयगत गम्भीर विमर्श अपरिहार्य छ ।

'कोभिड १९'पछिको झट्काबाट उकासिँदै गरेको नेपाली अर्थतन्त्रले अहिले मिश्रित संकेत दिइरहेको छ । यस परिप्रेक्ष्यमा मुद्रास्फीति केही नियन्त्रणमा आएको देखिन्छ भने विदेशी मुद्रा सञ्चिति तुलनात्मक रुपमा मजबुत बन्दै गएको छ । एकातिर बैंकिङ प्रणालीमा तरलता सुधारिएको छ भने अर्कातर्फ आन्तरिक उत्पादन कमजोर, निजी क्षेत्रको लगानी सुस्त र रोजगारी सिर्जनाको गति निराशाजनक पाइएको छ ।

नेपाल राष्ट्र बैंकको मौद्रिक नीतिले पछिल्ला वर्ष कर्जा प्रवाह नियन्त्रण गर्दै आयात आधारित असन्तुलन कम गर्न खोज्यो । परिणामस्वरुप चालू खाता घाटा घटेको छ । तर, कर्जा प्रवाहमा कडाइले उद्योग, निर्माण र रियल इस्टेट क्षेत्रमा मन्दी पनि देखियो । साना तथा मझौला उद्योग पूँजी अभावले थलिएका छन् ।

त्यसो त, राजस्व संकलन लक्ष्यभन्दा कम हुनु अर्को चुनौती हो । आयात घट्दा भन्सार राजस्व कम भएको छ । सरकारको पूँजीगत खर्च न्यून दरमा सीमित हुँदा आर्थिक गतिविधि थप सुस्तिएको देखिन्छ । वैदेशिक रोजगारीबाट आउने रेमिदयान्सले उपभोग धाने पनि उत्पादनशील लगानीमा रुपान्तरण हुन सकिरहेको छैन ।

त्यस्तै, कृषि क्षेत्रमा संरचनागत सुधार अभाव देखिन्छ । सिँचाइ, भण्डारण, प्रशोधन र बजार व्यवस्थापन कमजोर हुँदा किसानले उचित मूल्य पाउन सकेका छैनन् । उद्योगतर्फ ऊर्जा उपलब्धता बढे पनि नीति अस्थिरता र प्रशासनिक जटिलताले लगानीकर्तालाई हतोत्साहित गरेको छ । विश्व अर्थतन्त्र पछिल्ला वर्षहरुमा अस्थिरताको चरणबाट गुज्रिरहेको छ । रूस युक्रेन द्वन्द्व, मध्यपूर्व तनाव, ऊर्जा संकट, आपूर्ति शृंखला अवरोध र विकसित देशको कडाइपूर्ण मौद्रिक नीतिले विश्व बजार प्रभावित भएको छ । यसले आयात निर्भर अर्थतन्त्रलाई थप जोखिममा समेत पारेको छ । नेपालजस्तो सानो खुला अर्थतन्त्र यी बाह्य झट्काबाट अछुतो रहन सक्दैन । भारत र चीनजस्ता छिमेकी देशको आर्थिक गतिमा आएको उतारचढावले नेपालमा प्रत्यक्ष असर पार्छ । भारतसँगको खुला सीमा र व्यापार निर्भरता, चीनसँगको पूर्वाधार सहकार्य दुवै पक्षमा सन्तुलित कूटनीति र आर्थिक रणनीति आवश्यक छ । वैश्विक वित्तीय संस्था 'इन्टरनेसनल मोनिटरी फन्ड' र विश्व बैंकले पनि नेपाललाई संरचनागत सुधार, वित्तीय अनुशासन र दिगो विकासमा जोड दिन सुझाव दिँदै आएका छन् ।

त्यस्तै, जलवायु परिवर्तन प्रभावले हिमाली देश नेपाललाई विशेष जोखिममा राखेको छ, जसले हरित अर्थतन्त्र र जलवायु अनुकूलनमा लगानी आवश्यकता बढाएको छ । यो सूचना प्रविधि, डिजिटल सेवा, पर्यटन र जलविद्युत क्षेत्रमा नेपालको सम्भावना विश्व बजारसँग जोडिने अवसर पनि हो । विशेषत: स्वच्छ ऊर्जा निर्यातमा दक्षिण एसियाली क्षेत्रीय सहकार्य महत्वपूर्ण हुन सक्छ ।

निर्वाचनपछिको प्राथमिकता

नेपालको अर्थतन्त्र दीर्घकालदेखि उपभोगमुखी र आयात आधारित छ । अबको नीति उत्पादन र निर्यात प्रवर्धनकेन्द्रित हुनुपर्छ । कृषि आधुनिकीकरण, औद्योगिकीकरण र प्रविधि हस्तान्तरणलाई प्राथमिकता दिइनुपर्ने देखिन्छ । कृषि क्षेत्रमा मूल्य शृंखला विकास, सहकारी सुधार र निजी क्षेत्रको साझेदारी पनि उत्तिकै आवश्यक छ । रोजगारीक्रममा हरेक वर्ष हजारौं युवा विदेश पलायन भइरहेका छन् । उनीहरुलाई विदेश पलायन हुनबाट रोक्न 'स्टार्टअप'मा प्रोत्साहन, कर छुट र सहुलियत कर्जा उपलब्ध गराउन आवश्यक छ । डिजिटल अर्थतन्त्र, आईटी सेवा र नवप्रवर्तनलाई नीति प्राथमिकतामा राखिनुपर्छ । कर प्रणालीलाई सरल, पारदर्शी र प्रविधिमैत्री बनाउनसके मुलुकको अर्थतन्त्रमा थप टेवा पुग्छ । करका दायरा विस्तारसँगै कर दातामैत्री सेवा आवश्यक छ । अनुत्पादक खर्च कटौती र पूँजीगत खर्च प्रभावकारी कार्यन्वयनमा जोड दिइनुपर्छ ।

संघीय संरचनाअनुसार वित्तीय हस्तान्तरण, स्थानीय तहको क्षमता विकास र उत्तरदायित्व सबल बनाइनुपर्ने आवश्यक छ । स्थानीय तहमा उत्पादन, पर्यटन र साना उद्योग विकासका कार्यक्रमलाई बजेट र प्राविधिक सहयोग दिइनुपर्छ । जलविद्युत, सडक, रेल र डिजिटल पूर्वाधारमा लगानी बढाउनुपर्छ । ऊर्जा उत्पादन बढ्दै गएको सन्दर्भमा छिमेकी बजारमा निर्यात विस्तार गर्न दीर्घकालीन सम्झौता र प्रसारण लाइन विस्तार आवश्यक छ ।

यसैगरी, विकासको लाभ समाजका सबै तहमा पुग्नुपर्छ र पुर्‍याइनुपर्छ । 'लक्षित सामाजिक सुरक्षा कार्यक्रम'लाई उत्पादनशीलतासँग जोड्नुपर्छ । महिला, दलित, आदिवासी र दुर्गम क्षेत्रलाई प्राथमिकता दिनु समावेशी अर्थतन्त्रका लागि अपरिहार्य छ । हुन त, आर्थिक रुपान्तरणका लागि सरकार एक्लैले पर्याप्त हुँदैन । यसमा निजी क्षेत्रलाई विश्वासमा लिएर नीति स्थिरतामा जोड दिइनुपर्ने देखिन्छ । सार्वजनिक निजी साझेदारी प्रभावकारी बनाउन सकेको खण्डमा सरकारका लागि पनि सहयोगी सिद्ध हुनेमा दुई मत छैन । देशको आर्थिक नीति सबल बनाउन भ्रष्टाचार नियन्त्रण, छिटो निर्णय प्रक्रिया र लगानीमैत्री वातावरणको भूमिका महत्वपूर्ण हुन्छ । ईगभर्नेन्स, डिजिटल कर प्रणाली, अनलाइन सेवा र पारदर्शिता प्रवर्धनले आर्थिक दक्षता बढाउँछ । डिजिटल भुक्तानी प्रणाली विस्तारले अनौपचारिक अर्थतन्त्रलाई औपचारिकतर्फ ल्याउन सहयोग पुर्‍याउँछ । हरित ऊर्जा, दिगो पर्यटन, वन संरक्षण र कार्बन बजारमा सहभागिता नेपालका लागि अर्को अवसर हुन् । यसमा अन्तर्राष्ट्रिय जलवायु कोष र हरित लगानी आकर्षित गर्न नीतिगत स्पष्टता आवश्यक देखिन्छ ।

आसन्न आमनिर्वाचन जनप्रतिनिधि छान्ने प्रक्रियासँगै आर्थिक मार्गचित्र तय गर्ने ऐतिहासिक अवसर पनि हो । मतदाताले दलका घोषणापत्रमा प्रस्तुत आर्थिक दृष्टिकोण, सुधार प्रतिबद्धता र कार्यान्वयन क्षमता मूल्याङ्कन गर्नुपर्छ । नेपालसँग भएका ऊर्जा, पर्यटन, कृषि, मानव स्रोत र भूराजनीतिक अवस्थिति सबै सकारात्मक आधार हुन् । तर, नीति अस्थिरता, कार्यान्वयन कमजोरी र राजनीतिक असहमतिको दीर्घचक्रले यी अवसर गुम्दै आएका छन् । त्यसैले अबको सरकार उत्पादनमुखी, रोजगारमुखी र निर्यातमुखी अर्थतन्त्र निर्माणतर्फ अग्रसर हुनुपर्छ । वित्तीय अनुशासन, संरचनागत सुधार र समावेशी विकास केन्द्रमा राखेर अघि बढेमा नेपालले क्षेत्रीय तथा विश्व अर्थतन्त्रमा सम्मानजनक स्थान बनाउन सक्छ । स्थिर राजनीति र स्पष्ट आर्थिक दृष्टि नै समृद्ध नेपालको आधार हुन् । निर्वाचनपछि बन्ने सरकारले जनविश्वासलाई आर्थिक रुपान्तरण गर्नसकेमात्रै समस्त जनताको भलो हुन्छ । नेपाल फाइनान्सियल एक्सन टास्क फोर्स'को 'ग्रे लिस्ट'मा परेको सन्दर्भमा यो प्राविधिकमात्रै नभएर यो देशको वित्तीय विश्वसनीयता, वैदेशिक लगानी र बैंकिङ पहुँचसँग प्रत्यक्ष जोडिएको विषय पनि हो । 'ग्रे लिस्ट'मा परेपछि अन्तर्राष्ट्रिय बैंकिङ कारोबार महँगो हुन्छ, लगानीकर्ताको विश्वास घट्छ र रेमिदयान्स प्रवाहमा समेत निगरानी कडा हुन्छ । त्यसैले नेपालले छिटो, विश्वसनीय र मापनयोग्य सुधार का कदम चाल्न जरूरी छ ।विश्व आर्थिक मञ्चजस्ता संस्थाले प्रतिस्पर्धात्मकता सूचक निकाल्ने गर्छन् । नेपाल पूर्वाधार, ऊर्जा, बजार पहुँच र प्रशासनिक दक्षतामा कमजोर देखिन्छ । तर श्रमशक्ति उपलब्धता, पर्यटन सम्भावना, जलविद्युत स्रोत र भूराजनीतिक अवस्थिति सकारात्मक पक्ष हुन् । राजधानी दैनिकबाट साभार

म घमण्ड गरेर भोट माग्दिनँ

○ सुनिता विष्ट



प्रतिनिधिसभा निर्वाचनमा यसपटक स्थानीय तहमा चुनाव लडेकाहरु पनि एकैचोटि केन्द्रीय संसदमा जान प्रतिस्पर्धामा छन्।

यिनैमध्ये एक हुन्द्र मकवानपुर २ मा नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट उम्मेदवार लबशेर विष्ट। यस क्षेत्रका मुख्य ४ प्रतिस्पर्धी उम्मेदवारमा पर्छन् उनी। २०७४ सालमा भएको स्थानीय तहको निर्वाचन जित्दै विष्ट मकवानपुरको थाहा नगरपालिकाको मेयर भएका थिए। उनले पूरा कार्यकाल ५ वर्ष मेयर भएर उत्कृष्ट कार्यसम्पादन गरेका थिए।

संसदीय निर्वाचनमा उनको 'इन्द्री'सँगै यसपपालि मकवानपुर२ को प्रतिस्पर्धा रोचक बन्ने देखिएको छ। यस क्षेत्रमा यसपटक विष्टसिहत २१ उम्मेदवार प्रतिस्पर्धा गर्दै छन्। तर मुख्य प्रतिस्पर्धा यस क्षेत्रमा २०७९ को आम निर्वाचनमा पाँचदलीय गठबन्धनका साझा उम्मेदवार विरोध खतिवडालाई हराउँदै सांसदमा निर्वाचित नेकपा एमालेका नेता महेशकुमार बर्तौला, नेपाली कांग्रेस मकवानपुरका सभापति बुद्ध लामा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का प्रशान्त उप्रेती र नेकपा उम्मेदवार विष्टबिच हुने आंकलन छ।

विशेषगरी कांग्रेसका लामा, एमालेका बर्तौला र नेकपाका विष्ट तीन जना बेदागी नेताका रुपमा चिनिन्छन्। रास्वपाका उप्रेती भने राजनीतिमै नयाँ हुन्। यसैबिच प्रस्तुत छ, केन्द्रीय सांसद बन्न करिसएका पूर्वमेयर विष्टसँग गरेको कुराकानी:

मकवानपुरमा चुनावी सरगर्मी बढिरहेको छ, कस्तो छ त तपाईंको तयारी?

हामी तीव्र गतिमा निर्वाचन प्रचारप्रसारमा जुटिरहेका छौं। मकवानपुर २ नम्बर क्षेत्र एकदमै ठुलो छ। ६२ वटा वडा छन्। विकट भूगोल छ। त्यसले गर्दा अहिले भेटघाट, घरदैलो जे भ्याइन्छ, त्यसमा हामी लागिरहेका छौं।

स्थानीय सरकार प्रमुखको अनुभवपछि एकैचोटि प्रतिनिधिसभाको निर्वाचन लड्दै हुनुहुन्छ, कस्तो लागिहरेको छ ?

पक्कै पनि म थाहा नगरपालिकामा २०७४ सालको पहिलो संस्थापक मेयर हुँ। यो ५ वर्षको मेरो कार्यसम्पादन, मूल्यांकन यो सबै हिसाबले अब्बल साबित भएको नगरपालिका हो। त्यसो भएको हुनाले अहिले म रहेको पार्टी नेपाली कम्युनिस्ट पार्टीले त्यही एउटा नागरिकसँग नजिक भएर कार्यसम्पादन, मूल्यांकन यी सबै चिजहरुलाई हेरेर नै मलाई उम्मेदवार बनाएको हो। त्यसो भएको हुनाले क्षेत्र नम्बर २ को उम्मेदवारीको हकमा धेरै ठुलो प्रतिस्पर्धा थिएन। सबैले तपाईं उठ्नुपर्छ, तपाईं अगाडि बढ्नुपर्छ भनेपछि म उम्मेदवार बनेको हुँ।

तपाईंको मुख्य प्रतिस्पर्धी को हो जस्तो लाग्छ ?

अहिले जेनजी आन्दोलनपश्चात् नागरिकको मतको अवस्था हिजोको पार्टी संगठनअनुसार जस्तो मूल्यांकन गथ्यौं, त्यस्तो छैन। विभिन्न ठाउँमा नयाँ पार्टी रास्वपामा नागरिकहरुको समर्थन देखिन्छ। कतिपय मतदाता अझै पुराना पार्टीहरु नेपाली कांग्रेस, नेकपा एमाले, तत्कालीन माओवादी, समाजवादी वा अन्य कम्युनिस्ट पार्टीसँग जोडिएका छन्। त्यसैगरी अन्य नयाँ पार्टी पनि छन् र हाम्रो क्षेत्रमा २१ वटा उम्मेदवार उठेका छन्। त्यसैले अहिले त्यांक्कै आकलन गर्न कठिन छ। सबै ठाउँमा घुम्दा मैले पाएको अनुभूतिअनुसार नागरिकहरुले मलाई नै शुभकामना दिइरहेका छन्। तर ३/३ दिनको प्रचारप्रसारपछि मात्रै मेरो प्रतिस्पर्धी को हो? मेरो स्थिति कहाँ छ भन्ने स्पष्ट हुनेछ।

मकवानपुर २ मा तपाईले अरुलाई चुनौति दिनु भएको भन्ने दावि कार्यकर्ता छ ? कसरी प्रष्ट्याउनु हुन्छ ?



लबशेर विष्ट
नेकपाको उम्मेदवार

यो नागरिकले मूल्यांकन गर्ने कुरा हो। म घमण्ड गरेर मैले जित्छु, म पहिलो पोजिसनमा छु भन्न सक्दिनँ। हामी २१ जना उम्मेदवार छौं, सबैले आआफ्ना कुरा नागरिकसमक्ष पुऱ्याइरहेका छौं। नागरिकहरु आफैं एकदम स्पष्ट मूल्यांकन गर्ने तहमा छन्। मैले भनिसकेको छु । मलाई नचिनेका ठाउँका नागरिकले पनि मेरो प्रचार गरेर समर्थन गरिरहनुभएको छ। त्यसका लागि मैले धन्यवाद दिएको छु। सामाजिक सञ्जालमा मेरो अनुहार देख्दा 'लबशेर विष्ट असल व्यक्ति हुन्, उहाँलाई भोट दिनुपर्छ' भन्ने धारणा पनि आएको छ।

त्यसैले नागरिकहरु सही निर्णय गर्ने क्षमता राख्छन्। प्रचार का क्रममा मैले मेरा गतिविधि र योजनाबारे जानकारी दिइरहेको छु। म घमण्ड गरेर भोट माग्दिनँ तर जनमुखी काम गर्ने, जनताका पक्षमा काम गर्ने मेरो प्रतिबद्धता हेरेर नागरिकले मलाई एक भोट दिन सक्छन्।

अघिल्लो चुनावमा माओवादी-कांग्रेस गठबन्धनलाई एमालेले ४ हजार मतान्तरले हराएको क्षेत्र हो यो। तपाईंलाई चुनौती त छ नि ?

सबैले त्यो गठबन्धन मन पराउँथे भन्ने होइन। जेनजी आन्दोलनले पनि देखाएको कुरा के हो भने पुरानो गठबन्धन संस्कृति नागरिकलाई मन परेको छैन। जेनजी आन्दोलनमा सहभागी नागरिकहरुमा एमाले, तत्कालीन माओवादी केन्द्र र नेपाली कम्युनिस्ट पार्टी सबैका मान्छे छन्। हिजोको गठबन्धन संस्कृति नागरिकले मन नपराएपछि अहिले सबै दल सिंगल सिंगल चुनावमा उठेका छन्। हिजोको गठबन्धनमा सबै मत साझा उम्मेदवारलाई नै आउँथ्यो भने एमालेले जित्न सक्ने अवस्था थिएन।

त्यसो त यहाँ रास्वपाको चर्चा बढेको देखिन्छ। उसले जेनजी उम्मेदवार उठाएको छ। कतिको चुनौती देख्नुहुन्छ ?

त्यस्तो हैन, अहिले चर्चा सबैको छ। पुराना दलहरुको पनि राम्रै चर्चा छ। राष्ट्रिय स्वतन्त्र पार्टीको पनि राम्रो चर्चा छ। अरु उम्मेदवारहरुको पनि आफनै चर्चा छ। त्यसैले अहिले यही नै ठुलो चुनौती भनेर भन्न सकिने अवस्था छैन। सबैले आआफ्ना कुरा नागरिकसमक्ष पुऱ्याइरहेका छन्। नागरिकहरुले अहिले अन्तिम निर्णय वा 'माइन्ड मेकअप' गरिसकेको अवस्था छैन। मूल्यांकन जारी छ।

मकवानुपर-२ मा २१ उम्मेदवार छन्, तपाईंलाई नै मत किन दिने?

मैले भनँ नि म विभिन्न ठाउँमा गएर नागरिकसँग संवाद गरिरहेको छु। थाहा नगरपालिकामा पाँच वर्ष काम गरेको अनुभवले मलाई नागरिकसँग नजिक बनाएको छ। नागरिकको चाहना सरल छ समस्या सुन्ने, नेतृत्व दिने, सानाठुला सबै समस्यामा सहयोग गर्ने नेता होस्। नेता निष्ठावान् र इमानदार होस्, जनताको आवाज सुन्ने होस्।

मैले थाहा नगरपालिकामा प्रमुख रहँदा त्यही सिद्धान्तअनुसार काम गरेको छु। यस क्षेत्र नम्बर २ मा थाहा नगरपालिकासँगको सम्बन्ध र सामाजिक सञ्जालले गर्दा धेरैले मेरो नाम सुन्नुभएको छ। धेरै ठाउँमा मेरो सम्बन्ध छ। मसँग नागरिकलाई मत दिन प्रेरित गर्ने क्षमता पनि छ। मेरो दाबी छ म इमान्दार छु र जनपक्षीय, जनमुखी काम गर्छु। यही आधारमा नागरिकले मलाई मतदान गर्नुपर्छ।

अहिले क्षेत्र नम्बर २ को मुख्य समस्यामध्ये लागुऔषध कारोबार पनि एक हो। अवैध लागुऔषध खेतीमा संलग्न हुँदा यहाँका धेरै नागरिक कारागारमा छन्। यस्तै मध्यवर्ती क्षेत्रका समस्या, लालपुर्जा नहुनुजस्ता समस्या पनि छन्। यसलाई सम्बोधन गर्ने योजना तपाईंसँग के छ?

पक्कै पनि यी समस्या समाधान गर्ने नै मेरो मुख्य एजेन्डा हुन्। वर्षौंदेखि ८ धुर, १० धुर जग्गामा घर बनाएर बसोबास गरि रहेका स्थानीयसँग अझै लालपुर्जा छैन भन्ने गुनासो छ। हामीले आफ्नै सम्पत्ति हो भनेर दाबी गर्न पाउने अवस्था छैन भन्ने उहाँहरुको मुख्य माग छ। मैले उहाँहरुलाई के पनि स्पष्ट पारेको छु भने सरकारले घर निर्माणमा कुनै अवरोध गरेन, आधारभूत पूर्वाधारका लागि बजेटसमेत खर्च भइसकेको छ।

तर आवश्यक कानुनी प्रक्रिया र अन्य कारणले विषय कतै अड्किएको देखिन्छ। यसबारे विस्तृत अध्ययन गर्न बाँकी छ, किनकि म प्रतिनिधिसभा सदस्यका रुपमा पहिलोपटक उम्मेदवार बनेको हुँ। नगर प्रमुखका रुपमा कार्यरत रहँदा भूमिसम्बन्धी यस्ता समस्यामा हामीले नागरिकका पक्षमा आवाज उठाउँदै सिफारिस गरेका थियौं। अब प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएमा यस विषयमा कानुनी अड्चन वा अन्य समस्या जेजस्ता छन्, ती समाधानका लागि संसदमा आवाज उठाउने प्रतिबद्धता मैले व्यक्त गरेको छु।

अन्य एजेन्डा ?

मैले अहिले नागरिकसँग छलफल गर्दा विकास र निर्माणको सन्दर्भमा मेरो एजेन्डा भन्दा पनि उनीहरुको आवश्यकता महसुस भएको छ। नागरिकको आवश्यकता नै विकासको एजेन्डा बन्नुपर्छ। हेटौंडा क्षेत्रमा आउँदा नदी तटबन्ध र अव्यवस्थित बसोबासी, भूमिहीन समस्याहरु देखिन्छन्।

मनहरी क्षेत्रमा पनि नदी तटबन्धनका साथै मध्यवर्ती क्षेत्रका समस्या छन्। माथिल्लो भूगोलमा जाँदा बाटो, खानेपानी र आधार भूत पूर्वाधारका चुनौतीहरु देखिन्छन्। लगभग सबै क्षेत्रमा विकासका समस्या समान छन्, अव्यवस्थित बसोबासी र भूमिहीन समस्याबाहेक। यी सबै एजेन्डा मैले मेरो प्रतिबद्धता पत्रमा समेटेको छु र त्यसको कार्यान्वयनका लागि नेतृत्व गर्ने प्रतिबद्धता जनाएको छु।

मकवानपुरको उत्तरी र पश्चिमी भाग क्षेत्र नम्बर २ मै पर्छ। यहाँका विकट बस्तीका लागि तँपाईंका योजना के-के छन ?

पक्कै पनि राक्सिराङ र कैलाश गाउँपालिकामा मैले सबैभन्दा धेरै विकट बस्ती देखेको छु। यी गाउँपालिकामा नागरिकको सबैभन्दा ठुलो माग राम्रो खालको सडकको छ। हालका सडक पूर्ण रुपमा स्तरोन्नति भइसकेका छैनन् ।

थाहा नगरपालिकाको अनुभवले सिकाएको कुरा के हो भने सबभन्दा पहिले सडक बाटो बन्नुपर्छ। त्यसपछि अन्य विकास संरचना र पूर्वाधार निर्माण सहज हुन्छ। नागरिकको पहुँच सहरसम्म सुनिश्चित गर्नु पनि आवश्यक छ। त्यसैले यी दुई गाउँपालिकामा सबभन्दा प्राथमिक आवश्यकता स्तरीय सडक हो। त्यसपछि शिक्षा, स्वास्थ्य, पर्यटन र अन्य पूर्वाधार विकासका काम अघि बढाउन सकिन्छ।

किसानको पीडा ज्यूँकात्यूँ नेताका भाषण सधै आश्वासन



○ सहीखर संवाददाता

मकवानपुर । प्रतिनिधि सभा निर्वाचनका नजिकिदै गर्दा नेताहरू जनताको घरदैलोमा छन् ।

उम्मेदवारहरु उत्साहका साथ चुनाव प्रचारमा लाग्दैगर्दा किसानलाई भने आफ्ना पीडा सधै उही छ । वर्षौंदेखि अनेक समस्याले पिरोलिरहेका मतदाता कुनै पनि दल र उम्मेदवारलाई हतपत विश्वास गर्न तयार देखिँदैनन्।

मकवानपुरका मतदाता केही आफनै ढंगले आन्तरिक छलफलमा छन् भने केहीलाई आफ्नो पीडाले पिरोलिरहेकै छ । बजार क्षेत्रका चिया पसलदेखि ग्रामीण भेगका खेतबारीसम्म एउटै विषयमा बहस छ निर्वाचन । अनि केन्द्रमा प्रश्न यसपटक कसलाई मत ?

दैनिक कामकाजसँगै मतदाताहरु उम्मेदवार को विगत, प्रतिबद्धता र पहुँचको समीक्षा गरिरहेका छन्। मतदाताको प्रमुख गुनासो नै हार जित भएर गएपछि निर्वाचन क्षेत्र फर्किएनन् भन्ने छ। खानेपानी, सडक स्तरोन्नति, कृषि बजार व्यवस्थापन, रोजगारी र स्वास्थ्य सेवा जस्ता आधारभूत विषयमा ठोस काम नदेखिएको उनीहरुको गुनासो छ।

दुई वटा निर्वाचन क्षेत्र रहेको मकवानपुरमा यसपटक ४४ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। उम्मेदवारहरु घरदैलो, सभा सम्मेलन र सामाजिक सञ्जालमार्फत मत माग्न उत्साहित देखिए पनि मतदातामा भने त्यस्तो उत्साह झल्किँदैन। अघिल्ला निर्वाचनका वाचा पूरा नभएको अनुभवले धेरै मतदाता यसपटक सतर्क र मौन देखिन्छन्।

कतिपय मतदाता विकल्प खोज्ने मनस्थितिमा छन् भने केही अझै अन्योलमा छन्। निर्वाचनका बेला अनेक आश्वासन बोकेर मतदाता भेट्न आउने उम्मेदवारहरु विजयी भएपछि भने गाउँ ठोलमा फर्कर नआउने प्रवृत्ति पुरानै समस्या भएको पाका मतदाताहरु बताउँछन्।

पञ्चायतकालदेखि निरन्तर मतदान गर्दै आएका ज्येष्ठ नागरिकहरुको अनुभवमा चुनावअघि हात जोड्दै घरदैलो गर्ने नेताहरु जितेपछि सम्पर्कविहीन हुने परम्परा अझै तोडिएको छैन। मकवानपुरको मकवानपुरगढी गाउँपालिका ३ घर भएका ६० वर्षका हरिप्रसाद दाहालका अनुसार हरेक निर्वाचनमा सडक, खानेपानी, सिँचाई, स्वास्थ्य चौकी,रोजगारीलगायतका विषयमा आकर्षक प्रतिबद्धता गरिन्छ। तर परिणाम घोषणा भइसकेपछि ती वाचा कार्यान्वयनमा गम्भीरता देखिँदैन।

'चुनावताका त दिनमै दुईतीन पटकसम्म भेट्न आउँछन्, जितेपछि पाँच वर्षसम्म अनुहार देख्न पाइँदैन,' उनी भन्छन्, 'हामी किसानको समस्यै समस्या छ। न भनेको बेला मल पाइन्छ, न त बिउ बिजन पाइन्छ। खेतको अलि तलबाट खोला बग्छ, मोटर लगाएर खेति गर्छौं भन्दा सरकारले बिजुलीको मिटर दिँदैन। हाम्रो समस्या कति छ कति। केही पूरा हुँदैन।'

त्यसो त, उम्मेदवारहरुले शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार लगाएतको एजेन्डा लिएर भेट्न आए पनि कृषि क्षेत्रका कुनै एजेन्डा नसमेटिएको कृषकको गुनासो छ। चैते धान लगाउने बेला मलको हाहाकार, उन्नत जातको मकै र धानको बिउको अभाव र सिँचाईको अभाव खेपिरहेका किसानले यो समस्या समाधान गर्छु भन्ने कुनै उम्मेदवार नपाएको गुनासो गरेका छन्।

यता, अघिल्ला निर्वाचनमा भन्दा आगामी निर्वाचनको शैलि फेरिएको मतदाता महसूस गरिएको बताएका छन्। नयाँ दलका नयाँ उम्मेदवार हरु घरदैलोमा आइरहेका कारण मन घुमिरहेको उनीहरुको मनाइ छ। तर नयाँ र पुरानो कसैले पनि जनताको लागि केही नगर्ने उनीहरु सुनाउँछन्।

हेटौंडा उपमहानरपालिका ६ चौघडाकी ५२ वर्षीया तुलसा सञ्जेल उम्मेदवारहरुले यो गर्छौं, त्यो गर्छौं भनेर भाषण गरेको सुन्दा दिक्क लाग्दै आएको बताउँछिन्। खेतको गह्रामा मटरकोसा टिप्दै गरेकी सञ्जेल सबै राजनीतिक दलदेखि अघाएकी छिन्।

हामी नयाँ दल, हामीले नयाँ काम गर्छौं भन्दै ठोलमा आउने उम्मेदवारहरु देखेर दिक्क लागेको बताउँदै उनले भनिन्, 'न नयाँले केही गर्छन्, न त पुरानाले नै केही गर्छन्। यो गर्छु, त्यो गर्छु भन्ने त चुनावी भाषण मात्रै हो। जनताको समस्या जस्तोको त्यस्तै छ। पुरानालाई त घुर्की लगाउन पाइएला। तर नयाँलाई विश्वास गर्न सकिदैँन। यो देशमा किसानको समस्या कहिल्यै हल हुन्न।'

मकवानपुरगढी गाउँपालिका ६ का ३८ वर्षका रूपक दाहाल दलहरुले पहिलो प्राथमिकतामा किसानका समस्या समाधानका ऐजेन्डा राख्नुपर्नेमा त्यस्तो नभएको गुनासो गर्छन्।

'अधिकांश मानिसहरू कृषि पेशामै आवद्ध छौं, तर उम्मेदवारहरुको चुनावी एजेन्डा उद्योग खोल्ने, रोजगारी सिर्जना गर्ने भन्ने छ,' उनले भने, 'माटो खनेर, गाईवस्तुको गोबर सोरेर स्वालम्बी भैर हेका हामी किसानका लागि समयमा मल, बिउ विजनमा सहजता बनाइदिए हुन्थ्यो भन्ने लाग्छ।'

स्थानीय तहदेखि प्रतिनिधि सभासम्मका जनप्रतिनिधिहरुले नियमित जनसम्पर्क, सार्वजनिक सुनुवाइ र प्रगति विवरण सार्वजनिक गर्ने अभ्यास बलियो नहुँदा जनविश्वास कमजोर बन्दै गएको उनीहरुको धारणा छ। मत माग्ने बेला मात्र होइन, कार्यकालभरि जनतासँग प्रत्यक्ष संवाद र जवाफदेहिता सुनिश्चित गरिनुपर्ने उनीहरुको जोड छ।

राजनीतिक विश्लेषकहरु भने मतदाताले पनि निर्वाचनपछि जनप्रतिनिधिसँग निरन्तर खबरदारी गर्नुपर्ने बताउँछन्। सामाजिक सञ्जाल, सार्वजनिक कार्यक्रम र स्थानीय बैठकमार्फत प्रतिबद्धताको समीक्षा गर्ने संस्कार विकास भए मात्र 'जितेपछि हराउने' प्रवृत्तिमा सुधार आउन सक्ने मकवानपुरका राजनीति विश्लेषक भोजराज ढकाल बताउँछन्। जननिर्वाचित सांसदको भूमिका जनतासमक्ष बढी देखिनुपर्ने उनको भनाइ छ। दुईवटा निर्वाचन क्षेत्र रहेको मकवानपुर क्षेत्र नम्बर १ मा २३ र २ मा २१ जनाले उम्मेदवारी दर्ता गरेका छन्। जिल्लाभर कुल ३ लाख १५ हजार ३३४ मतदाता छन्।

फिल्ड जाँदै कर्मचारी



○ सहीखबर संवाददाता

मकवानपुर । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै मकवानपुर मा मतदान अधिकृत र सहायक मतदान अधिकृतका लागि मंगलबरदेखि तालिम सुरू गरिएको छ ।

कर्मचारीहरूलाई ३ समूहमा बाँडेर बिहिबार सम्म तालिम प्रदान गरिने छ । जिल्लाका ६५२ जना मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि तालिम पश्चात मतदान केन्द्र तथा मतदान स्थलहरूमा खटाइने छ ।

मतदान प्रक्रियालाई प्रभावकारी, व्यवस्थित र त्रुटिरहित बनाउन प्रयोगात्मक अभ्याससहित तालिम सञ्चालन गरिदै आएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले बताए ।

उनका अनुसार मतदान केन्द्रमा खटिने कर्मचारीलाई वास्तविक मतदान प्रक्रियाको अभ्यास गराई जिम्मेवारी निर्वाहमा सक्षम बनाउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो । निर्वाचनको तयारी अन्तर्गत फागुन १८ गतेसम्म जिल्लाका सबै मतदान केन्द्रमा कर्मचारी पुगिसक्नुपर्ने छ । सोही अनुसार व्यवस्थापन कार्य भएको अधिकारीले बताए ।

यसैबीच निर्वाचनको अनुगमनका लागि ४ जना अनुगमन अधिकृतसमेत नियुक्त गरिएको छ । उनीहरुले निर्वाचन तयारी, कर्मचारी व्यवस्थापन तथा मतदान केन्द्रको अवस्थाबारे निरन्तर निगरानी गर्नेछन् ।

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि मकवानपुरमा तीन हजारभन्दा बढी कर्मचारी खटिएका छन् । दुई वटा निर्वाचन क्षेत्र रहेको यस जिल्लाको ३७४ मतदान केन्द्रमा स्वयं सेवकसहित ३ हजार ३६६ कर्मचारी निर्वाचन अवधिमा खटिने भएका हुन् ।

बागमती प्रदेश निर्वाचन कार्यालय हेटौंडाका प्रदेश निर्वाचन अधिकारी हरिप्रसाद ढकालले एउटा मतदान केन्द्रमा आयोगबाट ६ जना कर्मचारी र मतदान केन्द्र रहेको स्थलमा ३ जना स्वयं सेवक नियुक्त गरिएको बताए ।

निर्वाचन केन्द्रित जनशक्ति व्यवस्थापन कार्य अन्तिम चरणमा पुगेको उनले बताए । निर्वाचन कार्यालयबाट ३ हजार २४४ जना र मतदान केन्द्रमै नियुक्त हुने स्वयम् सेवक १ हजार १२२ जना कर्मचारी मतदान अवधिभर परिचालन हुने छन् ।

४० वटा वडा रहेको मकवानपुरको प्रतिनिधिसभा क्षेत्र नम्बर १ मा ६२ वटा मतदान स्थल र १७८ वटा मतदान केन्द्र रहेका छन् । ६२ वटा वडा रहेको क्षेत्र नम्बर २ मा १०५ वटा मतदान स्थल र १९६ वटा मतदान केन्द्र छन् । यी मतदान केन्द्र बाहेक जिल्लाको पूर्व सदरमुकामस्थित भीमफेदी कारागारमा र कर्मचारीका लागि हेटौंडा अस्थायी मतदान केन्द्र रहने भएको छ ।

मकवानपुरमा कुल मतदाता ३ लाख १५ हजार ३३४ कायम भएको छ ।। निर्वाचन क्षेत्र नम्बर १ मा पुरूष ७९ हजार ६३१, महिला ७८ हजार ८१० र अन्य ४ जना गरी १ लाख ५८ हजार ४३५ र क्षेत्र नम्बर २ मा ८२ हजार ३३२ पुरूष, ७४ हजार ५६६ महिला र १ जना अन्य गरी १ लाख ५६ हजार ८९९ मतदाता छन् ।

उहाँले निर्वाचनका लागि मसी, मतपेटिका लगायतका ५२ प्रकारका सामग्रीहरू पनि तयारी अवस्थामा राखिएको छ ।

● समयमा कर तिरौं,
● वातावरणीय सरसफाइमा ध्यान दिऔं,
● पानी खेर नफालौ,
● हरियाली प्रवर्द्धन गरौं,
● सवारी चलाउँदा मोवाइलको प्रयोग नगरौ,
● बाटो काट्दा पैदलयात्रुलाई प्राथमिकता दिने गरौं ।

लोकहितको लागि

सहीखबर






- हाम्रो कला, संस्कृति, सम्पदाहरुको संरक्षण गरौं: धार्मिक, साँस्कृतिक पर्यटनको प्रर्बद्धन गरौ ।
- पुर्खाको अनुभव र अभ्यासलाई पुस्तान्तरण गरौं, कला र संस्कृतिलाई जिवन्त राखौ
- हिमाल, पहाड, झरना, ताल लगायतका प्राकृतिक सम्पदाहरुको संरक्षण गरौ , पर्यापर्यटनको प्रर्वद्धन गरौ ।
- ग्रामिण पर्यटनलाई प्रवर्द्धन गरी आय आर्जनमा बृद्धि गरौ ।
- नैतिक आचरणको पालना गरी परिश्रममा खुशीको अनुभूति गर्न सिकौ
- Paradise Bagamati, Once is not enough









Back to Culture

Back to Nature

बागमती प्रदेश सरकार
संस्कृती तथा पर्यटन मन्त्रालय
पर्यटन विकास आयोजना, इकाई कार्यालय, काठमाडौं

Paradise Bagamati
CRAFTED HEAVEN IN NEPAL

हेटौंडा उपमहानगरपालिका वडा १८ को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

१८ नम्बर वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

इन्द्रसरोवर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर

सहीखबर

विविध

२०८२ फागुन १४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

विपद् व्यवस्थापन समितिका पाँच निर्णय

निर्वाचन लक्षित स्वास्थ्य तयारी



○सहीखबर संवाददाता

मकवानपुर । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ को लागि जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरले स्वास्थ्य क्षेत्रसँग सम्बन्धित महत्वपूर्ण तयारीका निर्णयहरु गरेको छ ।

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिदै गर्दा निर्वाचन लक्षित स्वास्थ्य कार्यको लागि तयारी गरिएको हो । मकवानपुर का प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीको अध्यक्षतामा बसेको समितिको बैठकले निर्वाचन अवधिमा सम्भावित विपद् तथा आकष्मिक अवस्थालाई मध्यनजर गर्दै जिल्लाभर स्वास्थ्य सेवा प्रणालीलाई तयारी अवस्थामा राख्ने निर्णय गरेको हो।

बैठकले निर्वाचनको समयमा जिल्लाका सबै स्थानीय तहमा तत्काल परिचालन गर्न सकिने गरी साधन स्रोतसहितको आपतकालीन स्वास्थ्य टोली तयारी अवस्थामा राख्न जनस्वास्थ्य कार्यालय मकवानपुरमार्फत सबै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरेको प्रजिअ अधिकारीले बताए । साथै जिल्लामित्र रहेका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई आवश्यक जनशक्ति तथा उपकरण तयारी अवस्थामा राख्न समेत निर्देशन दिइने भएको छ।

निर्वाचन अवधिलाई ध्यानमा राख्दै हेटौंडा अस्पताललाई पनि आवश्यक साधन स्रोतसहित तयारी अवस्थामा रहन र त्यसको विवरण जिल्ला प्रशासन कार्यालयमा माग गर्ने निर्णय गरिएको छ। यस्तै, जिल्लामित्र सञ्चालनमा रहेका दमकल तथा एम्बुलेन्सहरुलाई जुनसुकै समयमा प्रयोग गर्न सकिने गरी पूर्ण रुपमा चालु अवस्थामा राख्न सम्बन्धित निकायहरुलाई लेखी पठाइने भएको छ।

निर्वाचनको संवेदनशीलतालाई ध्यानमा राख्दै सो अवधिमा जिल्लाका सम्पूर्ण स्वास्थ्य जनशक्तिलाई बिदामा नबस्न र जिल्ला नछोड्न आवश्यक व्यवस्था मिलाउन जनस्वास्थ्य कार्यालय मकवानपुरमार्फत सबै स्थानीय तह तथा स्वास्थ्य संस्थाहरुलाई निर्देशन पठाउने निर्णय गरेको छ।

त्यसैगरी, विपद् व्यवस्थापन समिति अन्तर्गतका सबै निकाय तथा पदाधिकारीहरुले निर्वाचन लक्षित सम्भावित विपद्जन्य घटनाको पूर्वतयारी, उद्धार तथा व्यवस्थापनका लागि आवश्यक प्रबन्ध मिलाउने पनि निर्णय भएको छ।

निर्वाचनलाई सुरक्षित र व्यवस्थित बनाउन स्वास्थ्य क्षेत्रको तयारी अत्यन्त आवश्यक रहेकोले यस्तो तयारी गरिएको अधिकारीले बताए । "निर्वाचनको समयमा कुनै पनि आकष्मिक अवस्था सिर्जना भएमा तत्काल प्रतिक्रिया दिन सक्ने गरी स्वास्थ्य तथा उद्धार संयन्त्रलाई तयारी अवस्थामा राख्ने निर्णय गरिएको हो" प्रजिअ अधिकारीले भने ।

आफ्नो जित निश्चित भएको काँग्रेसको दावि

○सहीखबर संवाददाता

मकवानपुर । आगामी प्रतिनिधिसभा निर्वाचनको तयारी तीव्र बन्दै गइरहेका बेला नेपाली कांग्रेस मकवानपुरका दुबै उम्मेदवारहरुले आफूहरुको जित सुनिश्चित रहेको दाबी गरेका छन् ।

नेपाली कांग्रेस मकवानपुरले आज आयोजना गरेको पत्रकार सम्मेलनमा क्षेत्र नम्बर १ की उम्मेदवार तथा कांग्रेसकी निवर्तमान सहमहामन्त्री महालक्ष्मी डिना उपाध्याय र क्षेत्र नम्बर २ का उम्मेदवार एवं कांग्रेस मकवानपुरका सभापति बुद्ध लामाले आफ्नो जितप्रति पूर्ण आत्मविश्वास व्यक्त गरेका हुन् । पत्रकार सम्मेलनमा बोल्दै उपाध्यायले आफूले लामो समयदेखि मकवानपुर क्षेत्र नम्बर १ का जनताको सुखदुखमा साथ दिँदै आएको उल्लेख गर्दै जनताले आफ्नो कामको मूल्यांकन गर्ने विश्वास व्यक्त गरिन् । उनले भनिन्, "म पदमा हुँदा होस् वा नहुँदा, जनताका लागि निरन्तर काम गर्दै आएको छु । विकास, समावेशिता र जनजीविकाका मुद्दामा मैले निरन्तर आवाज उठाएको छु । त्यसैले यसपटक जनताको साथ कांग्रेसलाई नै प्राप्त हुनेमा म विश्वस्त छु ।"

त्यस्तै, क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामाले पनि आफूले पार्टी नेतृत्वमा रहँदा तथा व्यक्तिगत पहलमा जिल्लाको विकासका लागि गरेका कामका कारण मतदाताहरुको विश्वास कांग्रेसप्रति अझ मजबुत बनेको बताए । उनले भने, "हामी चुनावका बेला मात्र देखिने नेता होइनौं । जनताको बीचमै बसेर काम गरेका कारण जनताले यसपटक पनि हामीलाई नै रोज्नेछन् भन्नेमा ढुक्क छौं ।"

उनले कांग्रेसले अघि सारेका स्थायित्व, सुशासन र विकासका एजेण्डाहरुले मतदातालाई आकर्षित गरिरहेको दाबी गरे । लामाका अनुसार मकवानपुरका दुबै क्षेत्रमा कांग्रेसको संगठन बलियो रहेकाले परिणाम पनि सकारात्मक आउने अपेक्षा गरिएको छ ।



उक्त कार्यक्रममा हालै राष्ट्रिय स्वतन्त्र पार्टी मकवानपुरको सभापति पदबाट राजीनामा दिएका भरत पराजुली लगायतका नेताहरुलाई कांग्रेसमा स्वागत गरिएको थियो । नवप्रवेशी नेताहरुलाई कांग्रेस मकवानपुरका पूर्व सभापति माइकल रामचन्द्र अर्याल ले टीका, माला र खादा लगाएर पार्टीमा स्वागत गरेका थिए ।

स्वागत कार्यक्रममा बोल्दै अर्यालले लोकतान्त्रिक मूल्यमान्यतामा विश्वास राख्ने सबैलाई कांग्रेसमा स्थान रहेको उल्लेख गर्दै पार्टी अझ बलियो बन्दै गएको बताए । उनले भने, "देशको राजनीतिक स्थायित्व र लोकतान्त्रिक भविष्यका लागि कांग्रेस नै भरपर्दो शक्ति हो भन्ने बुझाइ समाजमा बढ्दै गएको छ । त्यसैले विभिन्न दलबाट नेता तथा कार्यकर्ताहरु कांग्रेसमा समाहित हुने क्रम बढेको हो ।" कार्यक्रममा सहभागी नेताहरुले नवप्रवेशीहरुलाई पार्टीमा स्वागत गर्दै आगामी निर्वाचनमा संयुक्त रुपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए । कांग्रेस मकवानपुर ले यसलाई संगठन सुदृढीकरणको महत्वपूर्ण कदमका रुपमा लिएको जनाएको छ ।

पत्रकार सम्मेलनमार्फत कांग्रेसले मकवानपुर का दुबै निर्वाचन क्षेत्रमा चुनावी माहोल आफ्नो पक्षमा बन्दै गएको संकेत गर्दै आगामी निर्वाचनमा विजय हासिल गर्ने दाबी पुनः दोहोऱ्याएको छ ।

निर्वाचनको समयमा कर्मचारीले पालना गर्नुपर्ने आचरण

- कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्नु/गराउनु, प्रचारप्रसारमा संलग्न हुनु वा प्रचार प्रसार गर्नु हुँदैन ।
- कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालय वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिनु हुँदैन ।
- निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सनलगायतका कार्य गर्नु/गराउनु हुँदैन ।
- निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचनाबाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिनु हुँदैन।
- निर्वाचनसम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिनु हुँदैन ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Biometric गर्ने सम्बन्धी सूचना

प्रस्तुत विषयमा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको परिपत्र तथा हेटौंडा उपमहानगरपालिकाको पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरूले नयाँ निवेदन दर्ता तथा नविकरण गर्दा Biometric गरी गरिएकोमा विविध कारणले Biometric Verification नभएका लाभग्राहीहरुको मात्र Biometric Verification फागुन १५ गतेसम्म गर्नुपर्ने भएकोले Biometric Verification नभएका लाभग्राहीहरूले मात्र फागुन १५ गते भित्रै यस वडा कार्यालयमा सम्पर्क राखी Biometric Verification गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै Biometric Verification नभएका लाभग्राहीहरू सूची वडा कार्यालयबाट जानकारी लिन सकिने व्यहोरा अनुरोध गरिन्छ ।

हेटौंडा उपमहानगरपालिका
४ नम्बर वडा कार्यालय
नगर विकास रोड, हेटौंडा, मकवानपुर
बागाती प्रदेश